# उचित आवासन अधिनियमले तपाईंको सुरक्षा गर्छ

## इडाहो कानुनी सहयोग सेवा

www.idaholegalaid.org

**उचित आवासन अधिनियमः**

उचित आवासन कानुनले आवासनलाई कर्जा दिने, बिक्री अनि किराय दिने सम्बन्धमा व्यक्तिको निम्नहरूको आधारमा भेदभाव निषेध गर्दछ।

- जात
- रंग
- लिंग
- धर्म
- राष्ट्रिय मूल
- विकलांगता
- पारिवारिक स्थिति (१८ वर्ष भन्दा कम उमेरका नानीहरू)

"आवासन" कोठाहरू भन्नाले, सहस्वामित्व, द्विगुणित अनि बहुएकाइ आवास, निर्मित गृहहरू, निजी घरहरू अनि रिक्त जमीनहरू समावेश हुन्छन तर त्यतिमा मात्रै सिमित हुनेछैन।

**उचित आवासन कसरी तपाईमा लागु हुन्छः**

उचित आवासन नियमले कसैले इच्छा गरे अनुसारको स्थानमा मानिसहरूलाई रहने समान अवसर प्रदान गर्ने अभिप्राय राखिन्छ। तपाईं कहाँ बस्नुहुन्छ त्यसले निम्न निर्णय गर्नेछ :

- तपाईका नानीहरू कहाँका पाठशाला जान्छन्
- काम जाने, स्वास्थ्यको हेरचाह गर्ने, आमोद-प्रमोद गर्न सुगमता
- भविष्यमा व्यापार गर्ने स्थान तोक्न समाज असल स्थान भएको पक्का गर्नेछ।
- सम्पूर्ण मानिसहरूको सर्वांगिन विकाश र आर्थिक वृद्धिलाई प्रोत्साहित गर्नेछ।

**उचित आवासन नियम निम्न कुरोमा कार्यन्वित हुनेछ तर त्यसैमा मात्रै सिमित हुनेछैनः**

- व्यवसायिक माध्यम
- आवासनहरूका मालिक, भाड़ागत एजेन्ट/ आवासन प्रतिनिधि/ व्यवस्थापक, अचल सम्पति/ जमिन क्रय विक्रय दलाल अनि विक्रय व्यक्तिहरू
- गृह मालिकहरू
- गृह निर्माणकर्ताहरू
- व्यांकहरू सञ्चय अनि ऋण संगठनहरू, कुढ़की दाताहरू, या आर्थिक संस्थानहरू

- विकाशकर्ताहरू/ ठेकादारहरू
- द्विगुणित विकाशकर्ता या मालिकहरू
- समूहगृहहरू, नर्सीङ होमहरू अनि सुरक्षा स्थानहरू

**उचित आवासन नियमले प्रतिबन्ध गर्छः**

- प्राथमिकता सिमांकन या भेदभाव चिन्हित गर्ने वासस्थानको विक्रय, किराय, आर्थिक व्यवस्था मिलाउन विज्ञापन दिने ।
- आवासनको प्रदर्शन गर्न, किरायमा दिन, पट्टामा दिन, विक्री गर्न अस्वीकार गर्न या आवासन किन्ने, किरायमा दिने या पट्टामा दिने मौकालाई अस्वीकार गर्ने या हस्तान्तर गर्न अस्वीकार गर्ने ।
- आवासनको निम्ति अर्थिक सहयोगसंगै आवासनको असमान शर्त अनि सुविधाहरू सृष्टि गर्ने ।
- आवासनको निम्ति चुनेर अलग या विच्छेद गरिने या छुटयाउने।
- सुरक्षित श्रेणीका व्यक्तिलाई विक्रयका विभिन्न शर्तहरू दिने।
- बेग्लै चयन पद्धति बताउने प्रश्नहरू सोध्ने।
- सुरक्षित श्रेणीमा व्यक्तिहरूलाई बेग्लाबेग्लै नियमहरू, पोलीसीहरू र शर्तहरू प्रयोग गर्ने।
- एकाई या छिमेकी चुन्न सीमित गर्ने।
- सुरक्षित श्रेणीका सदस्य या कुनै आरोप दर्ता गर्ने व्यक्ति बिरूद्धमा धम्की दिने, भय देखाउने हस्तक्षेप गर्ने या प्रतिकार गर्ने।
- विकलांग किरायदारको बस्ने घरमा आवश्यक उचित परिवर्तन ल्याउन इन्कार गर्ने।

**इडाहो कानुन सहयोग सेवाले सहयोग गर्नेछः**

इडाहो कानुन सहयोग सेवा एउटा गैर-लाभदायक संस्था हो जसले इडाहो भरिका आवासन व्यवस्था मिलाउने र उपभोक्ताहरूलाई उचित आवासन अभ्यासलाई प्रोत्साहन दिलाउन उचित आवासन नियम अनि यसले हाम्रो समाजलाई कसरी प्रभाव पार्छ भन्नेबारे निःशुल्क प्रस्तुति/जानकारी दिन्छ। अधिकार अनि उत्तरदायित्वमा ध्यान केन्द्रित प्रस्तुति गरिनेछ जसले उपभोक्ता अनि आवासन व्यवस्था मिलाउनेहरूलाई अन्तर्भुक्त गर्नेछ।

आवासन सम्बन्धमा प्रायः जसो भेदभाव राखिने मानिसहरूलाई शिक्षित तुल्याउनु हाम्रो एक लक्ष्य हो । यी सुरक्षित व्यक्तिहरूले मालिक/ किरायदार परिस्थिति संगसंगै गृहक्रय विषयमा यी सुरक्षित व्यक्तिहरूले उचित आवासन अधिकारबारे जान्न जरूरी हुन्छ। किनभने यी समूहहरूले :

- उनीहरूका अधिकारहरू अतिक्रमण गरिएको प्रायः जसो अन्दाज लगाएका हुँदैनन्।
- धेरैले भेदभाव यति घरि घरि भएको थाहा पाउनेछन् कि उनीहरूले यसको विरूद्ध युद्ध गर्न आफैलाई कमजोर ठान्दछन् -उल्टो आशा गर्ने भएका हुनेछन्।

यी कारणहरूले हामी आवश्यकतामा परेकाहरूलाई संगै मिलेर असल ढंगमा सहयोग गर्न उचित आवासनको सांगठनिक सूचना जनतामाझ बाढ़न/बताउन चाहन्छौ।

यस अतिरिक्त हामी यी सुरक्षित व्यक्तिहरूसंग सोझै सम्पर्कमा आउने मानिसहरूलाई उनीहरूका वकिलको रूपमा या उनीहरूको आवासन प्रदाताको रूपमा शिक्षित तुल्याउन चाहन्छौ! प्रदाताको रूपमा, सबै मानिसहरूलाई समान अवसर प्रदान पार्न उत्तरदायित्व रहन्छ।
उचित आवासन शैक्षिक कार्यशाला आयोजन गर्न, इडाहो कानुनी सहयोग सेवा १- (२०८)-३४५-०१०६ या १-८६६-३४५-०१०६ मा सम्पर्क गर्नुहोस्।
**इडाहो कानुनी सहयोग सेवा वेबसाइटः** www.idaholegalaid.org

उचित आवासन अधिनियम अन्तर्गत तपाईंको अधिकारबारे पुस्तिका या थप सूचनाको निम्ति इडाहो कानुनी सहयोग वेवसाइटमा निम्न छन्ः

- इडाहो किरायदारको निम्ति सल्लाहः मालिक/किरायदारको अधिकार
- HUD-को आवासन भेदभाव अनि उत्तरदायित्वहरूको फारम
- इडाहो किरायदारको निम्ति सल्लाहः निर्मित घरहरू
- इडाहो किरायदारको निम्ति सल्लाहः संघीय आवासन कार्यक्रमहरू
- इडाहो किरायदारको निम्ति सल्लाहः पुरोबंध
- इडाहो किरायदारको निम्ति सल्लाहः सुरक्षित जमानत
- इडाहो किरायदारको निम्ति सल्लाहः मरम्मत
- इडाहो किरायदारको निम्ति सल्लाहः उपयोगिता
- उचित कर्जाः उचित आवासनः कार्यक्रमहरू
- इडाहो घरमालिकहरूको निम्ति सल्लाहः पूरोबंध व्यवधान
- उचित कर्जाः धोकापूर्ण कर्जाको दुरुप्रयोग
- यात्रा कर्जा

**यदि तपाई विरूद्ध भेदभाव भयो भने सम्पर्क गर्नुहोस्ः**

- इडाहो कानुनी सेवा- उचित कर्जा/उचित आवासन कानुनी सल्लाह लाइनमा सोमबारदेखि शुक्रबारसम्म ९ बजे बिहान देखि १२ बजे MST रातीसम्म फोन गरेर, (२०८) ३४५-०१०६ बोइसमा या राज्यभरि टोल फ्रि १-८६६-३४५-०१०६ मा या (TTY) १-८००-२४५-७५७३
- farilending@idaholegalaid.org मा Legal Advice Line मा इमेल गर्नुहोस्।
- इन्टरमाउन्टेन फेयर हाउजींग काउन्सिल १-८००-७१७-०६९५ या बोइसमा ३८३-०६९५ (TTY हुन सक्ने)
- HUD सोझै टोल फ्रि १-८००-८६६-२४६
- www.hud.gov मा अनलाइन कम्प्लेन फारम पूरा गर्नुहोस्।

**इडाहो कानुनी सहयोग सेवा, इन्काब्लकः**

३१०–एन, ५औ सेन्ट बोइस आइ०डी० ८३७०२.........................................३४५–०१०६
११०४ ब्लेन, काल्डवेल, आइ–डी०८३६०५.........................................४५४–२५९१
४१० शेरम्यान एभेन्यू, कुयरडीएलेन, आइ०डी०८३८१४.................................६६७–९५५९
४८२ कन्स्टीट्यूशन वे, इडाहो फल्स, आइ०डी०८३४०२.................................५२४–३६६०
६३३ मेन, लिवीस्टन, आइ०डी०८३५०१..................................................७४३–१५५६
१५० एस०आर्थर, पोक्याटेल्लो, आइ–डी०८३२०४.........................................२२३–००७९
४७५ पोक, ट्विन फल्स, आइ०डी०८३३०१..................................................७३४–७०२४

" संयुक्त राष्ट्र अमेरिका आवासन अनि शहरीय विकाश विभाग अन्तर्गत अनुदानद्वारा यस प्रकाशनको आधार जुटाउने कार्यलाई सहयोग पुराइएको थियो। यस कार्यको सार र खोज जनताप्रति समर्पित छ। यस प्रकाशनमा रहेका कथन र व्याखानको परिशुद्धताको निम्ति लेखक र प्रकाशक मात्रै उत्तरदायी रहनेछन्। यस्ता व्याखाले संघीय सरकारको दृष्टिकोण अनिवार्य रूपमा प्रकट गर्दैन।"